समता घरेलु लघुवित्त वित्तीय संस्था लिमिटेड,
केन्द्रीय कार्यालय बनेपा-७, काभ्रेपलाञ्चोक
आर्थिक वर्ष २०७८/०७९ को,
"नवौं वार्षिक साधारण सभाको निर्णय माईन्युट"

१. **वैधानिक सभा :**

समता घरेलु लघुवित्त वित्तीय संस्था लिमिटेडको मिति २०७९/११/१२ गते शुक्रवारको दिन बसेको सञ्चालक समितिको १३९ औं बैठकको निर्णयानुसार कम्पनी ऐन २०६३, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, वित्तीय संस्थाको प्रवन्धपत्र तथा नियामावलीमा भएको व्यवस्था बमोजिम संस्थाको आर्थिक वर्ष २०७८/०७९ को नवौं वार्षिक साधारण सभा सञ्चालक समितिको अध्यक्ष **श्री डम्मर मणि थेवे लिम्बु** ज्यूको सभापतित्वमा निम्न मिति, स्थान र समयमा देहाय बमोजिम सू-सम्पन्न गरियो ।

२. **सभाको स्थान, मिति र समय :**

मिति : २०७९ साल चैत महिनाको ११ गते शनिवार, तद्नुसार मार्च २५, २०२३
समय : बिहान ११:३० बजे
स्थान : हिमालयन दृश्य रिसोर्ट एण्ड होटल, धुलिखेल, काभ्रेपलाञ्चोक

३. **सभाको सूचना प्रकाशन :**

३.१ यस वित्तीय संस्थाको नियमावलीको नियम १८ (३) र कम्पनी ऐन २०६३ को दफा ६७ (२) बमोजिम सभा हुने मिति, समय, स्थान र छलफलको विषयको सूचना शेयरधनी महानुभावहरुको जानकारीको लागि प्रथम पटक मिति २०७९/११/१९ गते **"कारोवार"** राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिएको थियो । यसै गरी यस सभा सम्बन्धी दोस्रो पटक २०७९/१२/०६ गते **"कारोवार"** राष्ट्रिय दैनिक पत्रिकामा समेत सभा हुने जानकारी सहितको सूचना प्रकाशित गरिएको थियो ।

३.२ यस वित्तीय संस्थाको सभा सम्बन्धी जानकारी कम्पनी रजिष्ट्रारको कार्यालयलाई मिति २०७९/११/१९ गते र कम्पनी ऐन २०६३ बमोजिमको दफा ७८ र ५१ अनुसारको प्रमाणित विवरण नियमानुसार साधारण सभा हुनु भन्दा २१ दिन अगावै मिति २०७९/११/१९ गते कम्पनी रजिष्ट्रार कार्यालयको आधिकारिक वेवसाइड www.ocr.gov.np मा अपलोड गरिएको व्यहोरा कम्पनी सचिव श्री विश्वराज श्रेष्ठ ज्यू बाट जानकारी भयो ।

३.३ यस वित्तीय संस्थाको नवौं वार्षिक साधारण सभा प्रयोजनको लागि नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा मिति २०७९/११/३० गते सम्म कारोबार भई मिति २०७९/१२/०१ गते सम्म शेयर रजिष्ट्रार श्री आरविवि मर्चेन्ट बैंकिङ लिमिटेडमा प्राप्त भएको नामसारी लिखतको आधारमा कम्पनीको शेयर दर्ता पुस्तिकामा कायम रहेको शेयरधनी महानुभावहरुको घर ठेगानामा वार्षिक प्रतिवेदन, आ.व. २०७८/०७९ को वासलात, नाफा नोक्सान हिसाव, नगद प्रवाह विवरण पठाउन नसकिएको कारण कम्पनीको वार्षिक प्रतिवेदन, आर्थिक विवरणको साथ सभाको सूचना यस संस्थाको वेवसाइट www.samata.org.np मा राखिएको साथै कम्पनीको केन्द्रीय कार्यालयबाट समेत प्राप्त गर्न सकिने व्यवस्था गरिएको व्यहोरा सभामा अवगत गराईएको थियो ।

४. **सभामा छलफल गरिने विषयहरुको सूची प्रस्तुत :**

कम्पनी सचिव श्री विश्वराज श्रेष्ठले पूर्व सूचित सूचना अनुसार सभामा देहाय बमोजिम छलफलका बिषयहरु रहेको स्मरण गराउदै विषय सूचीहरु बाचन गर्नुभयो ।

क. <u>सामान्य प्रस्तावहरु :</u>

१. सञ्चालक समितिको तर्फबाट अध्यक्ष ज्यूद्वारा प्रस्तुत गर्नु हुने आर्थिक वर्ष २०७८/०७९ को वार्षिक प्रतिवेदन उपर छलफल गरि पारित गर्ने ।

२. आर्थिक वर्ष २०७८/०७९ को लेखापरीक्षकको प्रतिवेदन सहितको वासलात, नाफा नोक्सान हिसाव र नगद प्रवाह विवरण तथा सो सँग सम्वन्धीत अनुसूचीहरु पारित गर्ने ।

३. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ (२) तथा कम्पनी ऐन, २०६३ को दफा १११ (३) अनुसार लेखापरीक्षण समितिको सिफारिस बमोजिम आर्थिक वर्ष २०७९/०८० को बाह्य लेखापरीक्षण गर्नको लागि लेखापरीक्षकको नियुक्ति गरि निजको पारिश्रमिक निर्धारण गर्ने । *(हालको वाह्य लेखापरीक्षक एल.एस.पि. एसोसियट्स, ललितपुरको नियमानुसार कार्यअवधि पुरा भएकोले नयाँ लेखापरीक्षक नियुक्ति स्वीकृति गर्ने)*

४. आर्थिक बर्ष २०७९/०८० को वार्षिक कार्यक्रम, योजना तथा बजेट उपर छलफल तथा अनुमोदन गर्ने ।

५. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम आर्थिक वर्ष २०७८/०७९ सम्मको वितरणयोग्य मुनाफाबाट २०७९ असार मसान्तमा कायम कुल चुक्ता पूँजी रु. ३४,२७,४४,१९२/- को ३ प्रतिशतले हुन आउने रकम १,०२,८२,३२५.७६ (अक्षरेपी एक करोड दुई लाख बयासी हजार तिन सय पच्चिस दशमलव सात छ रुपैया मात्र) नगद लाभांश वितरण गर्ने प्रस्ताव पारित गर्ने । *(साविक समता लघुवित्त वित्तीय संस्था लि. र साविक घरेलु लघुवित्त वित्तीय संस्था लि. बिच गाभ्ने/गाभिने (मर्जर) कार्य सम्पन्न भई मिति २०७८/०१/०२ गते देखि एकीकृत वित्तीय कारोवार शुरुवात गरिएको हुँदा एकीकृत कारोवार मिति देखि दुई वर्ष सम्म लाभांशमा कर छुट हुने व्यवस्थाको कारण हाल लाभांशकर प्रयोजनार्थ छुट्टै रकम नछुट्याइएको साथै उक्त मिति भन्दा पछि शेयर खरिद गर्ने शेयरधनीहरुले लाभांशकर नियमानुसार भुक्तानी गर्नुपर्ने)*

ख. <u>विशेष प्रस्तावहरु :</u>

१. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम आर्थिक वर्ष २०७८/०७९ सम्मको वितरणयोग्य मुनाफाबाट २०७९ असार मसान्तसम्म कायम कुल चुक्ता पूँजी रु. ३४,२७,४४,१९२/- को १५ प्रतिशतले हुन आउने रकम रु. ५,१४,११,६२८.८० (अक्षरेपी पाँच करोड चौध लाख एघार हजार छ सय अट्ठाईस दशमलव आठ शून्य रुपैया मात्र) बोनस शेयर जारी गर्ने प्रस्ताव पारित गर्ने ।

२. समता घरेलु लघुवित्त वित्तीय संस्था लि. र स्वरोजगार लघुवित्त वित्तीय संस्था लि. बिच एक आपसमा गाभ्ने/गाभिने (मर्जर) सम्बन्धमा भएको DDA मूल्यांकनर्ताको नियुक्ति तथा निजको पारिश्रमिक अनुमोदन, शेयर आदान प्रदान दर प्रस्ताव पारित, प्रारम्भिक समझदारीपत्र तथा मर्जर सम्बन्धमा भएको निर्णयहरुको अनुमोदन, अन्तिम सम्झौतापत्र लगायत सो सम्बन्धी कार्यहरु गर्न गराउनको लागि संचालक समितिलाई अख्तियारी, तदर्थ संचालक समितिमा वित्तीय संस्थाको तर्फबाट प्रतिनिधित्व गर्ने संचालकहरुको मनोनयन प्रस्ताव अनुमोदन, गाभ्ने/गाभिने कार्य पश्चात् बन्ने वित्तीय संस्थाको नाम तथा संस्थापक र सर्वसाधारणको शेयर स्वामित्व परिवर्तन सम्बन्धी प्रस्ताव लगायत मर्जरसँग सम्बन्धीत आवश्यक अन्य सम्पूर्ण निर्णयहरु पारित गर्ने ।

३. वित्तीय संस्थाको प्रवन्धपत्रको दफा ४ र ५ मा वित्तीय संस्थाको उद्देश्य र उद्देश्य प्राप्त गर्न गरिने कार्यहरु थप गर्ने ।

४. संचालक समितिका अध्यक्ष तथा संचालकहरुले पाउने भत्ता तथा सुविधा सम्बन्धमा संस्थाको नियमावलीमा आवश्यक संशोधन सम्बन्धी प्रस्ताव पारित गर्ने ।

५. अन्य उपयुक्त लघुवित्त वित्तीय संस्थाहरुसँग गाभ्ने/गाभिने (मर्जर) वा प्राप्ति (एक्विजिशन) सम्वन्धी सम्झौतापत्र तर्जुमा गर्ने, DDA गर्ने र गाभ्ने/गाभिने वा प्राप्ति सम्वन्धी आवश्यक अन्य सम्पूर्ण प्रक्रिया पुरा गर्न/गराउन सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

६. वित्तीय संस्थाको प्रवन्धपत्र र नियमावलीमा आवश्यक संशोधन र सो संशोधन स्वीकृतिको क्रममा नियमनकारी निकायबाट कुनै फेरबदल, थपघट गर्न निर्देशन वा सूझाव भएमा सोहि बमोजिम गर्न संचालक समिति वा संचालक समितिले तोकेको पदाधिकारीलाई अख्तियारी प्रदान गर्ने ।

ग. <u>विविध</u>

५. उपस्थितिहरु :

५.१ सञ्चालकहरुको उपस्थिति :

क्र.सं.	नाम	पद	समूह	शेयर कित्ता
१.	श्री डम्मर मणि थेवे लिम्बु	अध्यक्ष	संस्थापक	१,२१,९२७।६८
२.	श्री राजेश्वर प्रसाद आचार्य	सञ्चालक	संस्थापक	५५,०९७।२८
३.	श्री हरि बहादुर भण्डारी	सञ्चालक	संस्थापक	१,४७,५१०।७२
४.	श्री विश्वराम खड्का	सञ्चालक	संस्थापक	४६,१७६।४८
५.	श्री भक्तराम खडका	सञ्चालक	सर्वसाधारण	१,०४५।४०
६.	श्री अनुपा ओझा	सञ्चालक	सर्वसाधारण	१५१।२०
७.	श्री निरंजन पराजुली	सञ्चालक	स्वतन्त्र	०

५.२ प्रमुख तथा विशेष अतिथि :

क्र.स	प्रमुख तथा विशेष अतिथिको नाम	पद	प्रतिनिधित्व
१	श्रीमती विष्णु माया मधुकर्मी (प्र.अ.)	केन्द्र प्रमुख	केन्द्र नं. ३४, बनेपा शाखा
२	श्री पूर्ण प्रसाद आचार्य (बि.अ.)	प्रमुख कार्यकारी अधिकृत	सिडिएस एण्ड क्लिरिङ्ग लि.

५.३ कार्यरत कर्मचारीहरुको उपस्थिति :

क्र.स	कर्मचारीहरुको नाम	पद	प्रतिनिधित्व
१	श्री डा. मदन घिमिरे	प्रमुख कार्यकारी अधिकृत	समता घरेलु लघुवित्त वित्तीय संस्था लि., बनेपा, काभ्रे
२	श्री विश्वराज श्रेष्ठ	बरिष्ठ प्रबन्धक/कम्पनी सचिव	
३	श्री निरज कुमार साह	प्रमुख-वित्त विभाग	
४	श्री सोनाम शेर्पा	प्रमुख-जनशक्ति तथा प्रशासन विभाग	
५	श्री ईश्वरी प्रसाद ढकाल	प्रमुख- कर्जा, जोखिम तथा असुली विभाग	
६	श्री सुजिता तामाङ्ग	प्रमुख-लेखा विभाग	
७	श्री मिथलेश श्रीबास्तव	प्रमुख-आइटि विभाग	
८	श्री सरोज प्रसाद रिमाल	प्रमुख-अनुगमन तथा सुपरिवेक्षण विभाग	
९	श्री बैजनाथ राम	कर्जा, जोखिम तथा असुली विभाग	
१०	श्री रोशनी श्रेष्ठ	कर्जा, जोखिम तथा असुली विभाग	
११	श्री श्रीराम मगर	जनशक्ति तथा प्रशासन विभाग	
१२	श्री सुशिल महत	जनशक्ति विभाग	
१३	श्री प्रमिला भट्टराई	कर्जा, जोखिम तथा असुली विभाग	
१४	श्री संगिता तिमल्सिना	प्रशासन विभाग	
१५	श्री उर्मिला तामाङ	प्रशासन विभाग	
१६	श्री सरिस्ता श्रेष्ठ	लेखा विभाग	
१८	श्री दिनेश कोइराला	सवारी चालक	
१९	श्री अप्सरा सुवेदी	कार्यालय सहयोगी	

५.४ अन्य पर्यवेक्षकहरुको उपस्थिति :

क्र.स	पर्यवेक्षकहरुको नाम	पद	प्रतिनिधित्व
१	श्री कमल राज गिरी	प्रतिनिधि	लुम्बिनी विकास बैंक लि.
२	श्री देव राज न्यौपाने	प्रतिनिधि	गरिमा विकास बैंक लि.

५.५ वित्तीय संस्थाको शेयर रजिष्ट्रारको तर्फबाट उपस्थिति :

क्र.स	शेयर रजिष्ट्रार प्रतिनिधिको नाम	पद	प्रतिनिधित्व
१	श्री विशाल राज खनाल	RTS Head	आरविवि मर्चेन्ट बैंकिङ लिमिटेड

५.६ निर्वाच अधिकृतको उपस्थिति : आवश्यक नभएको ।

५.७ शेयरधनीहरुको विवरण र उपस्थिति संख्या :

१	कम्पनीको जम्मा शेयरधनी संख्या	उपस्थिति संख्या
१.१	संस्थापक शेयरधनी संख्या	१०७
१.२	सर्वसाधारण शेयरधनी संख्या	११,६०२
२	जम्मा शेयरधनीहरु मध्ये सभामा उपस्थिति शेयरधनी संख्या :	
२.१	संस्थापक शेयरधनीहरुबाट उपस्थिति शेयरधनी संख्याको विवरण	८१
	सभा स्थलमा स्वयम् उपस्थिति संख्या	२४
	प्रतिनिधि (प्रोक्सी) मार्फत उपस्थिति संख्या	५७
२.२	सर्वसाधारण शेयरधनीहरुबाट उपस्थिति शेयरधनी संख्या	९६
	सभा स्थलमा स्वयम् उपस्थिति संख्या	७३
	प्रतिनिधि (प्रोक्सी) मार्फत उपस्थिति संख्या	२३
	जम्मा उपस्थिति संख्या	१७७

६. सभाको बैधानिकता :

६.१ गणपुरक संख्या :

यस वार्षिक साधारण सभा प्रयोजनको लागि कम्पनीको शेयरधनी दर्ता पुस्तिकामा मिति २०७९/११/३० गते सम्म कायम शेयरधनी तथा निजहरुले धारण गरेको शेयरको विवरण यस प्रकारको रहेको छ ।

क्र.स.	शेयरधनी	शेयरधनी संख्या	शेयर कित्ता	कैफियत
१	संस्थापक शेयरधनीहरु	१०७	२६,०१,८१७३४	कुल शेयर कित्ताको ७५।९१% (मर्जर पश्चात् कायम हुन आएको)
२	सर्वसधारण शेयरधनीहरु	११,६०२	८,२५,६२४।५८	कुल शेयर कित्ताको २४।०१% (मर्जर पश्चात् कायम हुन आएको)
जम्मा		११,७११	३४,२७,४४१।३४	

कम्पनी ऐन २०६३ को दफा ७३ (२) तथा कम्पनीको नियमावलीमा भएको व्यवस्था बमोजिम वार्षिक साधारण सभा संचालनको लागि आवश्यक गणपुरक संख्या कम्पनीको कुल चुक्ता पूँजी शेयर संख्याको ५० प्रतिशत भन्दा बढिको उपस्थिति *(कम्पनीको शेयरधनीहरु सभा स्थलमा स्वयम् वा प्रोक्सी प्रतिनिधि मार्फत भएको उपस्थित शेयरधनीहरुले ग्रहण गरेको शेयरहरुको संख्या)* हुनुपर्ने प्रावधान रहेकोमा देहाय बमोजिम शेयरधनीहरुको उपस्थिति रहेको व्यहोरा कम्पनी सचिव श्री विश्वराज श्रेष्ठ बाट अवगत भयो

र उपस्थित शेयरधनीहरुले उपरोक्त व्यहोरा जानकारी लिदै सभा कानून बमोजिम बोलाइएको हुँदा पूर्व सूचित प्रस्तावहरु माथि छलफल गर्न मञ्जुर गर्नुभयो ।

विवरण	कूल संख्या	शेयरधनी संस्थापक र सर्वसाधारण		
		सभा हलमा स्वयमं उपस्थिति	प्रतिनिधि (प्रोक्सी)	जम्मा
कम्पनीको शेयरधनी संख्या	११,७११	९७	८०	१७७
कम्पनीको शेयर कित्ता	३४,२७,४४१।३४	१२,०९,३७५.६७	११,०६,२६४.६९	२३,१५,६४०.३६
शेयरधनी संख्या (संस्थापक समूह)	१०७	२४	५७	८१
शेयर कित्ता (संस्थापक समूह)	२६,०१,८१७।३४	११,९९,५६२.९६	१०,९८१७८.६१	२२,९७,७४१.५७
शेयरधनी संख्या (सर्वसाधारण समूह)	११,६०२	७३	२३	९६
शेयर कित्ता (सर्वसाधारण समूह)	८,२५,६२४।५८	९,८१२.७१	८,०८६.०८	१७,८९८.७९
प्रतिनिधित्व प्रतिशत				६७.५६%

यस साधारण सभामा कुल शेयर संख्याको **६७।५६ प्रतिशत** शेयरको प्रतिनिधित्व हुनेगरी शेयरधनीहरुको उपस्थिति रहेको हुनाले सभामा गणपुरक संख्या पुरा भएको साथै कम्पनी ऐन २०६३ को दफा ६९ बमोजिम सभाले बैधानिकता प्राप्त गरेको व्यहोरा कम्पनी सचिव श्री विश्वराज श्रेष्ठ द्वारा सभामा जानकारी भयो ।

७. आसन ग्रहण :

७.१ सभामा उपस्थित रहनु भएका कम्पनीका अध्यक्ष श्री डम्मर मणि थेवे लिम्बु ज्यू, प्रमुख अतिथि श्रीमती विष्णु माया मधुकर्मी ज्यू (केन्द्र प्रमुख, बनेपा शाखा कार्यालय, केन्द्र नं. ३४), विशिष्ट अथिति श्री पूर्ण प्रसाद आचार्य ज्यू (प्रमुख कार्यकारी अधिकृत), सिडिएस एण्ड क्लियरिङ्ग लि., अथिति श्री मेघ बहादुर मग्राती ज्यू (सह-सचिव, गृह मन्त्रालय), अथिति श्री सरोज निरौला (डिएसपी, राष्ट्रिय अनुसन्धान विभाग) र सञ्चालकहरु क्रमशः श्री राजेश्वरप्रसाद आचार्य ज्यू, श्री हरि बहादुर भण्डारी ज्यू, श्री विश्वराम खड्का ज्यू, श्री भक्तराम खड्का ज्यू, श्री अनुपा ओझा ज्यू र श्री निरंजन पराजुली ज्यू स्वयम् सभा स्थलमा उपस्थित भई ड्यासमा आसन ग्रहण गर्नु भएको थियो ।

७.२ कम्पनीका प्रमुख कार्यकारी अधिकृत श्री डा. मदन घिमिरे ज्यू, शेयर रजिष्ट्रारको प्रतिनिधि श्री विशाल राज खनाल ज्यू र कम्पनीका बरिष्ठ पदाधिकारीहरुलाई आसन ग्रहण गराईएको थियो ।

७.३ नियामक निकायहरु नेपाल राष्ट्र बैक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्डका प्रतिनिधि ज्यूहरुलाई सभामा सहभागिता जनाउन र आसन ग्रहण गर्नका लागि अनुरोध गरिएको थियो ।

७.४ सभा स्थलमा स्वयम् उपस्थित हुनुभएको सम्पूर्ण शेयरधनी महानुभावहरु, पत्रकार साथीहरु लगायत अन्य आमान्त्रित महानुभावहरुलाई आ-आफ्नो स्थानमा आसन ग्रहण गर्नका लागि अनुरोध गरिएको थियो ।

८. सभाको सभापतित्व तथा सभा सञ्चालन :

कम्पनी ऐन २०६३ को दफा ७४ (१) तथा कम्पनीको नियमावलीमा भएको व्यवस्था बमोजिम साधारण सभाको सभापतित्व कम्पनीको अध्यक्ष श्री डम्मर मणि थेवे लिम्बु ज्यूले गर्नु भई सभाको कारवाहि प्रक्रिया अगाडि बढाउन कम्पनी सचिव श्री विश्वराज श्रेष्ठलाई अनुमति प्रदान गर्नु भयो । तत्पश्चात् प्रमुख अतिथि श्रीमती बिष्णु माया मधुकर्मी ज्यू तथा सभाका सभापति श्री डम्मर मणि थेवे लिम्बु ज्यूबाट पानसमा बत्ती प्रज्वलित गरी सभाको समुद्घाटन गर्दै सभाको कार्यक्रम अगाडी बढाउनु भयो ।

९. स्वागत मन्तव्य तथा शुभकामना ब्यक्त :

यस संस्थाका संचालक श्री हरि बहादुर भण्डारी ज्यूले सभामा उपस्थित प्रमुख अतिथि, विशिष्ट अतिथि, अतिथिहरु, सञ्चालक समितिका सदस्य, संस्थापक तथा सर्वसाधारण शेयरधनी एवं सभामा उपस्थित अन्य आमन्त्रित महानुभावहरुलाई स्वागत मन्तब्य राख्नु भएको थियो ।

१०. संस्थाको वार्षिक प्रतिवेदन सहित पूर्व सूचित सामान्य तथा विशेष प्रस्तावहरु प्रस्तुत :

यस गरिमामय सभाको काम-कारवाही शुरु गर्ने क्रममा सञ्चालक समितिका तर्फबाट अध्यक्ष श्री डम्मर मणि थेवे लिम्बु ज्यूले शेयरधनी महानुभावहरुलाई सम्बोधन तथा स्वागत गर्दै सञ्चालक समितिको वार्षिक प्रतिवेदन पढेर सुनाउनु भयो । त्यसपछि लेखापरीक्षकको प्रतिवेदन सहित २०७९ आषाढ मसान्तसम्मको वासलात तथा २०७८ श्रावण १ देखि २०७९ आषाढ मसान्तसम्मको नाफा/नोक्सान हिसाब र सो अवधिको नगद प्रवाह विवरण सभा समक्ष छलफल गरी निर्णयको रुपमा पारित गर्नका लागि प्रस्तुत गर्नुभयो । आ.व. २०७८/०७९ मा संस्थाले गरेको प्रगति तथा आ.व. २०७९/०८० को भावी योजना तथा कार्यक्रमहरुको बारेमा विवरण प्रस्तुत गरी पारित गरिदिन हुनको लागि अनुरोध गर्नुभयो साथै पूर्व सूचित सामान्य तथा विशेष प्रस्तावहरु बारे जानकारी गराउदै अनुमोदनको लागि समेत अनुरोध गर्नु भयो । अन्त्यमा, धन्यवाद ज्ञापन गर्नु हुँदै शेयरधनी महानुभावहरुको तर्फबाट कुनै जिज्ञासा तथा प्रतिक्रिया भए व्यक्त गर्नका लागि समय प्रदान गर्नुभयो ।

११. शेयरधनीको तर्फबाट गरिएको मन्तब्य, जिज्ञासा एवं सूझाव

शेयरधनी महानुभावहरुको तर्फबाट सभामा २ जना शेयरधनी महानुभावले निम्नानुसारको आफ्नो मन्तब्य, जिज्ञासा एवं सूझाव राख्नु भयो ।

क) श्री शिव प्रसाद पौडेल (डि.खा.नं. १३०१०६००००००६०८८४) **- सर्वसाधारण शेयरधनी**

११.१. वित्तीय संस्थाको गरिमामय नवौँ वार्षिक साधारण सभाको सफलताको शुभकामना दिनु हुँदै लघुवित्त क्षेत्रमा देखिएको असहज परिस्थितिको बाबजुद शेयरधनीहरुलाई तिन प्रतिशत नगद लाभांस र प्रन्ध प्रतिशत बोनस शेयर प्रस्ताव गर्नु आफैमा सकारात्मक पक्ष भएको व्यहोरा प्रस्तुत गर्नु हुँदै स्वरोजगार लघुवित्त वित्तीय संस्था लि. सँग मर्जर पश्चात् कायम हुने वित्तीय संस्थाको नाम, संचालक समितिमा हुने प्रतिनिधित्व संख्या आदि जस्ता महत्वपूर्ण पक्षहरुमा पछि परि तत्कालै गाभ्ने गाभिने (मर्जर) सम्बन्धी प्रक्रिया अघि बढाउन हतार गरेको होकि ? भन्ने जिज्ञासा राख्नु भएको थियो ।

ख) श्री रमेश कुमार प्रधान (डि.खा.नं. १३०१४९००००००५६१२१) **- संस्थापक शेयरधनी**

११.१. साविक समता लघुवित्त र साविक घरेलु लघुवित्त वित्तीय संस्था लि. बिच एक आपसमा गाभ्ने गाभिने कार्य पश्चात् बनेको यस समता घरेलु लघुवित्त वित्तीय संस्था लि. को आर्थिक वर्ष २०७८/०७९ मा तुलनात्मक रुपमा खुद मूनाफा घटेको देखिएको तर लगानीमा रहेको कर्जाको संभावित जोखिमलाई आकलन गर्दै नाफाको ठूलो हिस्सा अतिरिक्त कर्जा नोक्सानी व्यवस्थामा राखि कर्जाको संभावित जोखिमलाई कम गरेको भन्ने प्रतिवेदनको बाबजुद शेयरधनीहरुलाई आकर्षक लाभांस वितरणको प्रस्ताव गरेको प्रति बर्तमान संचालक समिति र व्यवस्थापन पक्षलाई

धन्यवाद दिनु हुँदै आगामी दिनमा यस वित्तीय संस्थाले थप उत्कृष्ट कार्य गर्दै जानु हुनेछ भन्ने विश्वासका साथ गरिमामय नवौँ वार्षिक साधारण सभाको सफलताको शुभकामना दिनु भएको थियो ।

१२. सञ्चालक समितिको तर्फबाट जिज्ञासा र सुझाव बारे जानकारी :

सञ्चालक समितिका अध्यक्ष तथा सभाका सभापति ज्यूले शेयरधनी महानुभावहरुबाट आएको जिज्ञासा तथा सुझावलाई संस्थाको हितमा शेयरधनीबाट भएको सकरात्मक धारणाको प्रशंसा गर्दै बुँदागत रुपमा प्रष्ट पार्नुभयो ।

१२.१ सूझावको लागि शिव प्रसाद पौडेल ज्यूलाई हार्दिक धन्यवाद दिनु हुँदै नेपाल राष्ट्र बैंकको लघुवित्त वित्तीय संस्थाहरु बिच गाभ्ने गाभिने (मर्जर) तथा प्राप्ति (एक्विजिशन) सम्बन्धी प्राथमिकता र हाल लघुवित्त क्षेत्रमा देखिएको परिस्थिति आदिलाई समेत मध्यनजर गर्दै यस वित्तीय संस्थालाई स्वरोजगार लघुवित्त वित्तीय संस्था लि. सँग गाभ्ने गाभिने विषयमा प्रारम्भिक समझादारी पत्रमा हस्ताक्षर गरिएको र संस्थाको शेयरधनीहरुलाई हित हुने गरि नै गाभ्ने गाभिने सम्बन्धी प्रक्रिया अघि बढिरहेको व्यहोरा जानकारी गराउँनु भयो ।

१२.२ शुभकामना मन्तव्यको लागि रमेश कुमार प्रधान ज्यूलाई हार्दिक धन्यवाद दिनु हुँदै आगामी दिनमा समेत शेयरधनी तथा ग्राहक सदस्यहरुको हित हुने गरि संस्था तथा सम्बन्धीत नियामक निकायहरुको नीति नियमको परिधि भित्र रहि वित्तीय संस्थाको आर्थिक तथा प्रशासनिक क्रियाकलापहरुलाई उत्कृष्ट ढंगले कार्यान्वयन प्रक्रिया अघि बढाउने व्यहोरा जानकारी गराउँनु भयो ।

सभामा उठेको जिज्ञासा र सूझावहरुका सम्बन्धमा सञ्चालक समितिका सदस्य तथा सभाका सभापती ज्यूले जवाफ दिनुभए पछि सभाको साधारण तथा विशेष प्रस्ताव उपर छलफल तथा निर्णयका लागि सभापती ज्यू द्वारा सभामा अनुरोध गरियो ।

१३. सभाबाट भएको निर्णयहरु :

यस सभामा शेयरधनी महानुभावहरुले दिनु भएको अमुल्य सूझाव, सल्लाहलाई संस्थाले उच्च प्राथमिकतामा राखि कार्यान्वयन गर्दै लैजाने प्रतिबद्धता व्यक्त गर्दै आजको सभामा प्रस्तुत पूर्व सूचित प्रस्तावहरुलाई क्रमशः पारित गरिदिन सभापति ज्यूले अनुरोध गर्नुभयो । सबै प्रस्तावहरु उपर सभाका शेयरधनी महानुभावहरुले देहाय बमोजिमको निर्णयहरु पारित गरियो ।

क. निर्धारित सामान्य प्रस्तावहरु तथा सो उपर भएको निर्णयहरु :

१. सञ्चालक समितिको तर्फबाट अध्यक्ष ज्यूद्धारा प्रस्तुत गर्नु हुने आर्थिक वर्ष २०७८/०७९ को वार्षिक प्रतिवेदन उपर छलफल गरि पारित गर्ने ।

निर्धारित विषयसूची नं. ४(क.१) मा भएको प्रस्ताव अनुसार सञ्चालक समितिको आर्थिक वर्ष २०७८/०७९ को सञ्चालक समितिको तर्फबाट अध्यक्ष ज्यूद्धारा प्रस्तुत वार्षिक प्रतिवेदनमा समेटिएको विवरणहरु निर्णयार्थ प्रस्तुत भएकोमा सो प्रतिवेदन उपस्थित शेयरधनी महानुभावहरुले प्रशंसा सहित ध्वनीमतले पारित गरियो ।

२. आर्थिक वर्ष २०७८/०७९ को लेखापरीक्षकको प्रतिवेदन सहितको वासलात, नाफा नोक्सान हिसाव र नगद प्रवाह विवरण तथा सो सँग सम्वन्धीत अनुसूचीहरु पारित गर्ने ।

निर्धारित विषयसूची नं. ४(क.२) मा भएको प्रस्ताव अनुसार कम्पनीको बाह्य लेखापरीक्षक श्री एल.एस.पी. एसोसियट्सका सिए गोपाल कुमार श्रेष्ठ द्वारा प्रमाणित आर्थिक वर्ष २०७८/०७९

को नेपाल लेखा मापदण्ड (NAS) अनुसार तयार पारिएको लेखापरीक्षण प्रतिवेदन सहितको वासलात, नाफा-नोक्सान हिसाव, नगद प्रवाह विवरण तथा सो सँग सम्वन्धीत अनुसूचीहरु साथै नेपाल वित्तीय प्रतिवेदनमा (NFRS) अनुसार तयार पारिएको वित्तीय विवरणहरु पारित गर्नको लागि निर्णयार्थ प्रस्तुत भएकोमा सो वित्तीय विवरण तथा प्रतिवेदनहरु सभाद्वारा ध्वनीमतले पारित गरियो ।

३. **बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ (२) तथा कम्पनी ऐन, २०६३ को दफा १११ (३) अनुसार लेखापरीक्षण समितिको सिफारिस बमोजिम आर्थिक वर्ष २०७९/०८० को बाह्य लेखापरीक्षण गर्नको लागि लेखापरीक्षकको नियुक्ति गरि निजको पारिश्रमिक निर्धारण गर्ने ।**
(हालको वाह्य लेखापरीक्षक एल.एस.पि. एसोसियट्स, ललितपुरको नियमानुसार कार्यअवधि पुरा भएकोले नयाँ लेखापरीक्षक नियुक्ति स्वीकृति गर्ने)
निर्धारित विषयसूची नं. ४(क.३) मा भएको प्रस्ताव अनुसार कम्पनी ऐन २०६३ को दफा १११ अनुसार एउटै लेखापरीक्षक लगातार तीन पटक भन्दा बढी लेखापरीक्षक नियुक्ति गर्न नसकिने भन्ने प्रावधान बमोजिम वित्तीय संस्थाको बाह्य लेखापरीक्षक श्री एल.एस.पि. एसोसियट्स, ललितपुरको नियमानुसार कार्य अवधि समाप्त भए अनुसार कम्पनीको आर्थिक वर्ष २०७९/०८० को लागि बाह्य लेखापरीक्षकको नियुक्ति गर्न संस्थाको लेखापरीक्षण समितिबाट सिफारिस भई सञ्चालक समितिले समेत उचित ठहराए बमोजिम बाह्य लेखापरीक्षक श्री S & S Associates, Chartered Accountants, Kathmandu लाई नियुक्त गर्ने र निजलाई कम्पनीको वैधानिक लेखापरीक्षण, कर लेखापरीक्षण, विस्तृत लेखापरीक्षण प्रतिवेदन (LFAR) तथा कम्पनी ऐनको दफा ७८ को विवरण प्रमाणिकरण शूल्क बापत भ्याट बाहेक रु. ३,००,०००/-(अक्षरेपी तिन लाख रुपैया मात्र), लेखापरीक्षण अवधिमा दैनिक भत्ता स्वरुप मूख्य लेखापरीक्षकलाई रु. ३,५००/- (अक्षरेपी तिन हजार पाँच रुपैया मात्र), लेखापरीक्षण कार्यमा संलग्न अन्य पदाधिकारीहरुलाई रु. १,४००/- (अक्षरेपी एक हजार चार सय मात्र) र स्थलगत यातायातको बास्तविक खर्च अनुसार प्रदान गर्ने प्रस्ताव सभाद्वारा सर्वसम्मतिले पारित गरियो ।

४. **आर्थिक बर्ष २०७९/०८० को वार्षिक कार्यक्रम, योजना तथा बजेट उपर छलफल तथा अनुमोदन गर्ने ।**
निर्धारित विषयसूची नं. ४(क.४) मा भएको प्रस्ताव अनुसार कम्पनीको सञ्चालक समितिबाट नियमानुसार स्वीकृत आर्थिक वर्ष २०७९/०८० को प्रस्तुत वार्षिक कार्यक्रम, योजना तथा बजेट अनुसार बाँकी समयावधिमा हालको परिस्थितिमा लक्ष्य अनुसार प्रगति हासिल हुन केहि कठिनाई हुने संभावना रहेको भन्ने जिज्ञासा सहित सभाद्वारा सर्वसम्मतिले अनुमोदन गरियो । जसमा ६६ वटा शाखा कार्यालयहरु मार्फत कूल लगानीमा रहेको कर्जा रु. ५ अर्व ५१ करोड, निक्षेप संकलन रु. १ अर्व ४६ करोड पुऱ्याउने लक्ष्य सहित कुल आम्दानी रु. ७३ करोड ९४ लाख र कुल खर्च रु. ५६ करोड ३८ लाख हुने गरी खुद मूनाफा रु ११ करोड ५ लाख आर्जन गर्ने गरी योजना गरिएको बजेट तथा अन्य गैर वित्तीय क्रियाकलापहरु अर्न्तगत ग्राहक सदस्यहरुको क्षमता अभिवृद्धिको लागि विभिन्न किसिमको सीपमूलक तथा अभिमुखिकरण कार्यक्रमहरु संचालन गर्ने प्रस्तावित योजना तथा कार्यक्रमहरु समेत समेटिएको छ ।

५. **सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम आर्थिक वर्ष २०७८/०७९ सम्मको वितरणयोग्य मुनाफाबाट २०७९ असार मसान्तमा कायम कुल चुक्ता पूँजी रु. ३४,२७,४४,१९२/- को ३ प्रतिशतले हुन आउने रकम रु. १,०२,८२,३२५.७६ (अक्षरेपी एक करोड दुई लाख बयासी हजार तिन सय पच्चिस दशमलव सात छ रुपैया मात्र) नगद लाभांश वितरण गर्ने प्रस्ताव पारित गर्ने ।**

निर्धारित विषयसूची नं. ४(क.५) मा भएको प्रस्ताव अनुसार कम्पनीको आर्थिक वर्ष २०७८/०७९ को वितरणयोग्य मुनाफाबाट शेयरधनीहरुको हितलाई मध्यनजर गर्दै २०७९ असार मसान्तसम्म कायम कूल चुक्ता पूँजी रु. ३४,२७,४४,१९२/- को ३ प्रतिशतले हुन आउने रकम रु. १,०२,८२,३२५.७६ (अक्षरेपी एक करोड दुई लाख बयासी हजार तिन सय पच्चिस दशमलव सात छ रुपैया मात्र) नगद लाभांश वितरण गर्न सञ्चालक समितिबाट प्रस्ताव भई नेपाल राष्ट्र बैकद्धारा समेत स्वीकृत भएको प्रस्तावित नगद लाभांश शेयरधनीहरुलाई वितरण गर्नको लागि सभामा प्रस्तुत गरिएको प्रस्ताव उपर सभाद्वारा विगतको कोभिड १९ ले सिर्जना गरेको विषम परिस्थितिका साथै विभिन्न अराजक समूहहरुद्धारा लघुवित्त संस्थाहरुको दैनिक कामकारबाही पुऱ्याउँदै आईरहको गतिविधिहरुको बाबजुद वित्तीय संस्थाले शेयरधनीहरुलाई नगद लाभांस वितरण गर्न सकेमा मुक्तकण्ठले प्रशंसा गर्दै उक्त नगद लाभांस वितरण गर्ने प्रस्ताव सर्वसम्मतिले पारित गरियो ।

(साविक समता लघुवित्त वित्तीय संस्था लि. र साविक घरेलु लघुवित्त वित्तीय संस्था लि. बिच गाभ्ने/गाभिने (मर्जर) कार्य सम्पन्न भई मिति २०७८/०१/०२ गते देखि एकीकृत वित्तीय कारोवार शुरुवात गरिएको हुँदा एकीकृत कारोवार मिति देखि दुई वर्ष सम्म लाभांशमा कर छुट हुने व्यवस्थाको कारण हाल लाभांशकर प्रयोजनार्थ छुट्टै रकम नछुट्याइएको साथै उक्त मिति भन्दा पछि शेयर खरिद गर्ने शेयरधनीहरुले लाभांशकर नियमानुसार भुक्तानी गर्नुपर्ने व्यहोरा समेत सभालाई जानकारी गराईयो ।)

ख. निर्धारित बिशेष प्रस्तावहरु तथा सो उपर भएको निर्णयहरु :

१. **सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम आर्थिक वर्ष २०७८/०७९ सम्मको वितरणयोग्य मुनाफाबाट २०७९ असार मसान्तसम्म कायम कुल चुक्ता पूँजी रु. ३४,२७,४४,१९२/- को १५ प्रतिशतले हुन आउने रकम रु. ५,१४,११,६२८.८० (अक्षरेपी पाँच करोड चौध लाख एघार हजार छ सय अट्ठाईस दशमलव आठ शून्य रुपैया मात्र) बोनस शेयर जारी गर्ने प्रस्ताव पारित गर्ने ।**

निर्धारित विषयसूची नं. ४(ख.१) अन्तर्गत रहेको कम्पनीको आर्थिक वर्ष २०७८/०७९ सम्मको वितरणयोग्य मुनाफाबाट शेयरधनीहरुको हितलाई मध्यनजर गर्दै २०७९ असार मसान्तसम्म कायम रहेको कूल चुक्ता पूँजी रु. ३४,२७,४४,१९२/- को १५ प्रतिशतले हुन आउने रकम रु. ५,१४,११,६२८.८० (अक्षरेपी पाँच करोड चौध लाख एघार हजार छ सय अट्ठाईस दशमलव आठ शून्य रुपैया मात्र) बोनस शेयर जारी गर्न संचालक समितिबाट प्रस्ताव भई नेपाल राष्ट्र बैकद्धारा समेत स्वीकृत भएको प्रस्तावित बोनस शेयर जारी गर्ने विशेष प्रस्ताव सभाद्धारा मुक्तकण्ठले प्रशंसा गर्दै सर्वसम्मतिले पारित गरियो ।

२. **समता घरेलु लघुवित्त वित्तीय संस्था लि. र स्वरोजगार लघुवित्त वित्तीय संस्था लि. बिच एक आपसमा गाभ्ने/गाभिने (मर्जर) सम्बन्धमा भएको DDA मूल्यांकनर्ताको नियुक्ति तथा निजको पारिश्रमिक अनुमोदन, शेयर आदान प्रदान दर प्रस्ताव पारित, प्रारम्भिक समझदारीपत्र तथा मर्जर सम्बन्धमा भएको निर्णयहरुको अनुमोदन, अन्तिम सम्झौतापत्र लगायत सो सम्बन्धी कार्यहरु गर्न गराउनको लागि संचालक समितिलाई अख्तियारी, तदर्थ संचालक समितिमा वित्तीय संस्थाको तर्फबाट प्रतिनिधित्व गर्ने संचालकहरुको मनोनयन प्रस्ताव अनुमोदन, गाभ्ने/गाभिने कार्य पश्चात् बन्ने वित्तीय संस्थाको नाम तथा संस्थापक र सर्वसाधारणको शेयर स्वामित्व परिवर्तन सम्बन्धी प्रस्ताव लगायत मर्जरसँग सम्बन्धीत आवश्यक अन्य सम्पूर्ण निर्णयहरु पारित गर्ने ।**

निर्धारित विषयसूची नं. ४(ख.२) मा भएको प्रस्ताव अनुसार नेपाल राष्ट्र बैंकद्धारा लघुवित्त संस्थाहरु बिच एक आपसमा गाभ्ने गाभिने (मर्जर) तथा प्राप्ति (एक्विजिशन) लाई बिशेष प्राथमिकता राख्दै आइरहेको साथैं हालको विद्यमान परिस्थितिमा उपयुक्त लघुवित्त संस्थाहरु एक आपसमा गाभिई पूँजीगत एवम् कार्यक्रमगत दृष्टिकोणले दरिलो एवम् उत्कृष्ट हुनु आफैंमा सकारात्मक पक्ष भएको धारणा सभामा उपस्थित शेयरधनीहरुले प्रस्तुत गर्नु हुँदै यस वित्तीय संस्था

र स्वरोजगार लघुवित्त वित्तीय संस्था लि. बिच एक आपसमा गाभ्ने गाभिने (मर्जर) सम्बन्धमा देहायको प्रस्तावहरुमा आवश्यक छलफल गरी तपसिल बमोजिमको निर्णयहरु समेत सभाद्वारा ध्वनी मतले पारित गरियो ।

तपसिल :

२.१. गाभ्ने/गाभिने (मर्जर) सम्बन्धमा संचालक समितिको तर्फबाट प्रस्तुत हुने अध्यक्ष ज्यूको प्रतिवेदन उपर छलफल गरि पारित गर्ने ।

यस वित्तीय संस्थाको मिति २०७८ पौष ७ गते सम्पन्न आठौँ वार्षिक साधारण सभाद्वारा यस वित्तीय संस्था र अन्य कुनै उपयुक्त लघुवित्त वित्तीय संस्था बिच एक आपसमा गाभ्ने/गाभिने (मर्जर) तथा प्राप्ति (एक्वीजिशन) सम्बन्धी कार्यको लागि बर्तमान सञ्चालक समितिलाई अख्तियारी प्रदान गरिएकोमा उक्त अख्तियारीको अधिनमा रहि काभ्रेपलाञ्चोक जिल्ला, बनेपा नगरपालिका वडा नं. ५ मा केन्द्रीय कार्यालय रहि नेपाल राष्ट्र बैकबाट "घ" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रियस्तरको कार्यक्षेत्र रहेको स्वरोजगार लघुवित्त वित्तीय संस्था लिमिटेडसँग गाभ्ने/गाभिने (मर्जर) उद्देश्यले मिति २०७९ पौष १८ गते प्रारम्भिक समझदारीपत्रमा (MOU) मा हस्ताक्षर सम्पन्न भई नियमानुसार नेपाल राष्ट्र बैकबाट मिति २०७९ फागुन २८ गते सैद्धान्तिक सहमति (LOI) प्राप्त भएको साथै नेपाल धितोपत्र बोर्डबाट मिति २०७९ चैत ५ गते पूर्व सहमति प्राप्त भई बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, कम्पनी ऐन २०६३, बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने/गाभिने (मर्जर) तथा प्राप्ति (एक्विजिशन) सम्बन्धी विनियमावली २०७३ (पाचौँ संशोधन २०७९ सहित), धितोपत्र दर्ता गराएका संगठित संस्था एकआपसमा गाभ्ने/गाभिने तथा प्राप्ति सम्बन्धी निर्देशिका २०७९, बैंक तथा वित्तीय संस्था सम्वन्धी प्रचलित कानून तथा नेपाल राष्ट्र बैंकको निर्देशन तथा अन्य प्रचलित ऐन कानून वमोजिम दुई वित्तीय संस्था एक आपसमा गाभ्ने/गाभिने (मर्जर) सम्बन्धी प्रक्रियाहरुलाई नियमसंगत ढंगबाट संयुक्त मर्जर समितिद्वारा अघि बढाउँदै आइरहेको व्यहोरा सहितको अध्यक्ष ज्यूद्वारा प्रस्तुत प्रतिवेदनलाई सभाद्वारा ध्वनीमतले पारित गरियो ।

२.२. व्यवसायिक योजना तथा प्रक्षेपण एवम् चल अचल सम्पत्ति र दायित्व मुल्यांकन (Due Diligence Audit-DDA) को लागि गरिएको मूल्यांकनकर्ताको नियुक्ति तथा निजको पारिश्रमिक सम्बन्धी निर्णयलाई अनुमोदन गर्ने ।

यस वित्तीय संस्था र स्वरोजगार लघुवित्त वित्तीय संस्था लिमिटेड एक आपसमा गाभ्ने/गाभिने (मर्जर) प्रयोजनको लागि गठित संयुक्त मर्जर समिति मार्फत व्यवसायिक योजना तथा प्रक्षेपण एवम् चल अचल सम्पत्ति, दायित्व तथा कारोवार मूल्यांकन (Due Diligence Audit-DDA) कार्यको लागि श्री एन.वि. रोकाया एण्ड एसोसियट्स, धापाखेल ललितपुरलाई DDA मूल्यांकनकर्ताको रुपमा नियुक्ति गरिएको र उक्त कार्यको लागि DDA शूल्क स्वरुप भ्याट सहित रु. ३,००,०००/- (अक्षरेपी तिन लाख रुपैया मात्र) निर्धारण गर्नुको साथै अन्य भैपरी आउने आवश्यक खर्चहरु आवश्यकता एवम् औचित्यको आधारमा खर्च भर्पाइ हुने शर्त सहित संयुक्त मर्जर समितिद्वारा नियुक्ति गरिएकोमा DDA कार्य सम्पन्न पश्चात् कूल खर्च रु. ४,२१,०८१/- अक्षरेपी चार लाख एक्काईस हजार एकासी रुपैया मात्र (DDA शूल्क बापत रु. ३,००,०००/- र स्थलगत भ्रमण तथा सोसँग सम्बन्धीत अन्य खर्च रु. १,२१,०८१) अनुमोदनको लागि प्रस्ताव भएकोमा उक्त प्रस्ताव सभाद्वारा सर्वसम्मतिले अनुमोदन गरियो ।

२.३. **गाभ्ने/गाभिने (मर्जर) सम्बन्धमा सम्पन्न प्रारम्भिक समझदारीपत्र (MOU), सम्पत्ति तथा दायित्वको मुल्यांकन प्रतिवेदन, संयुक्त मर्जर समिति तथा सञ्चालक समितिद्धारा गरेका निर्णयहरुको अनुमोदन गर्ने ।**

यस वित्तीय संस्था र स्वरोजगार लघुवित्त वित्तीय संस्था लिमिटेड बिच एक आपसमा गाभ्ने गाभिने (मर्जर) सम्बन्धमा भएको प्रारम्भिक समझदारीपत्र (MOU) र उक्त समझादरीपत्रमा उल्लेखित देहायको मूख्य बुँदाहरु, मूल्यांकनकर्ताबाट प्राप्त सम्पत्ति, दायित्व तथा कारोवार मूल्यांकन प्रतिवेदन (DDA Report) मा उल्लेखित विषयवस्तुहरु साथै गाभ्ने गाभिने (मर्जर) सम्बन्धमा संयुक्त मर्जर समिति तथा संचालक समितिद्धारा हालसम्म भए गरेका निर्णयहरुको अनुमोदन गर्ने प्रस्ताव सभाद्धारा ध्वनीमतले पारित गरियो ।

दुई वित्तीय संस्था बिच गाभ्ने/गाभिने (मर्जर) सम्बन्धमा भएको मूख्य सहमतिको बुदाँहरु देहाय बमोजिम रहेको छ :

- गाभ्ने गाभिने (मर्जर) कार्य पश्चात् बन्ने वित्तीय संस्थाको नाम स्वरोजगार लघुवित्त वित्तीय संस्था लिमिटेड कायम रहनेछ ।
- गाभ्ने गाभिने (मर्जर) कार्य पश्चात् बन्ने वित्तीय संस्थाको नेपाल राष्ट्र बैंकको इजाजतपत्र नं. हाल कायम स्वरोजगार लघुवित्त वित्तीय संस्था लि. को इजाजतपत्र नं. ने.रा.बैंक/इ.प्रा. घ/१६/०६६/०६७ कायम रहने छ भने समता घरेलु लघुवित्त वित्तीय संस्था लिमिटेडको हाल कायम ईजाजतपत्र नं. ने.रा.बैंक/इ.प्रा. घ/९४/०७५/०७६ लाई खारेज गरिनेछ ।
- गाभ्ने गाभिने (मर्जर) कार्य पश्चात् बन्ने वित्तीय संस्थाको कम्पनी दर्ता नं. १११५४८/०६९/०६७ र स्थायी लेखा नं. ६०१०२८२४९ समता घरेलु लघुवित्त वित्तीय संस्था लिमिटेडको कायम हुनेछ भने स्वरोजगार लघुवित्त वित्तीय संस्था लिमिटेडको हाल कायम कम्पनी दर्ता नं. ११५७/०६६/०६७ र स्थायी लेखा नं. ३०३८६३२८९ लाई खारेज गरिनेछ ।
- गाभ्ने/गाभिने (मर्जर) कार्य पश्चात् बन्ने स्वरोजगार लघुवित्त वित्तीय संस्था लिमिटेको रजिष्टर्ड कार्यालय नेपाल राष्ट्र बैंकको स्वीकृति लिई काठमाण्डौं र ललितपुर महानगरपालिका बाहेक काठमाण्डौं उपत्यकाको अन्य स्थानमा स्थापना गरिनेछ ।
- मर्जर पश्चात् प्रयोग नहुने शाखा कार्यालयहरुलाई आवश्यकता अनुसार विभिन्न तहका कार्यालयहरुमा स्थानान्तरण/रुपान्तरण वा बन्द गरिनेछ ।
- समता घरेलु लघुवित्त वित्तीय संस्था लिमिटेडको तर्फबाट ३ जना र स्वरोजगार लघुवित्त वित्तीय संस्था लिमिटेडको तर्फबाट ३ जना रहने गरि कूल ६ सदस्यीय संयुक्त मर्जर समिति गठन भई गाभ्ने गाभिने सम्बन्धी आवश्यक प्रक्रिया अघि बढाउन अख्तियारी प्रदान गरिएको ।
- बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने/गाभिने (मर्जर) तथा प्राप्ति (एक्विजिशन) सम्बन्धी विनियमावली, २०७३ को ९ (क) अनुसार DDA बाट प्राप्त रिपोर्ट अनुसार नेटवर्थमा बढीमा १० प्रतिशतसम्म थपघट गरि समायोजित आधार नेटवर्थ (Revised Base Networth) गणना गरि आपसी सहमतिमा शेयर स्वाप अनुपात (Share Swap Ratio) १:१ कायम गर्ने सहमति भएको ।
- समता घरेलु लघुवित्त वित्तीय संस्था लिमिटेडको प्रमुख कार्यकारी अधिकृतलाई मर्जर पश्चात् बन्ने वित्तीय संस्थाको प्रमुख कार्यकारी अधिकृतको रुपमा हाल करारमा उल्लेख भएको सेवा सुविधाहरु नघट्ने गरि नयाँ नियुक्ति कम्तिमा एक कार्यकाल (४ वर्ष) को लागि हुने साथै स्वरोजगरा लघुवित्त वित्तीय संस्था लिमिटेडको प्रमुख कार्यकारी अधिकृतलाई मर्जर पश्चात्

बन्ने वित्तीय संस्थाको नायव प्रमुख कार्यकारी अधिकृत पदमा स्थायी सेवामा नियुक्ति गरिने र अन्य कर्मचारीहरुको सम्बन्धमा योग्यता, दक्षता, क्षमताको आधारमा हाल खाईपाई आएको सेवा सुविधाहरु नघट्ने गरि समायोजन गरिने सहमति भएको ।

- संस्थापक शेयरको स्वामित्व परिणत सम्बन्धमा स्वरोजगार लघुवित्त वित्तीय संस्था लि. को संस्थापक शेयरधनीहरुले संस्थापक शेयर स्वामित्व सर्वसाधारण शेयरमा परिणत गरि नियमानुसार कायम गर्नु पर्ने संस्थापक समूहको न्यूनतम् शेयर स्वामित्व यस अघि नै कायम गरि सकेको तर सो लघुवित्त वित्तीय संस्थाले यस अघि प्राप्ति (एक्विजिशन) गरेको साविक जनकपुर लघुवित्त वित्तीय संस्था लि. र हाल गाभ्ने/गाभिने (मर्जर) सहमति भएको समता घरेलु लघुवित्त वित्तीय संस्था लि. (साविक समता लघुवित्त वित्तीय संस्था लि. र साविक घरेलु लघुवित्त वित्तीय संस्था लि.) को संस्थापक शेयरधनीहरुले चाहेमा नेपाल राष्ट्र बैंकद्धारा "घ" वर्गको लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन २०७८ को निर्देशन नं. १० (१३) मा भएको व्यवस्था बमोजिम शेयर स्वामित्व नियमानुसार कायम राखि बाँकी शेयर सर्वसाधारण शेयरमा परिणत गर्ने गरि सहमति भएको ।
- मर्जर पश्चात् बन्ने वित्तीय संस्थाको तदर्थ संचालक समितिमा समता घरेलु लघुवित्त वित्तीय संस्था लिमिटेडको तर्फबाट ३ जना र स्वरोजगार लघुवित्त वित्तीय संस्था लिमिटेडको तर्फबाट ४ जना गरि जम्मा ७ सदस्यीय समिति गठन गर्ने सहमति भएको साथै उक्त समितिको अध्यक्ष स्वरोजगार लघुवित्त वित्तीय संस्था लिमिटेडको तर्फबाट हुने गरि सहमति भएको ।

२.४. मूल्यांकनकर्ताबाट प्राप्त चल अचल सम्पत्ति र दायित्व मुल्यांकन (Due Diligence Audit-DDA) प्रतिवेदनको आधारमा निर्धारण गरिएको शेयर आदान प्रदान दर (Share Swap Ratio) पारित गरि गाभ्ने/गाभिने (मर्जर) कार्यलाई स्वीकृति प्रदान गरिएको ।

यस वित्तीय संस्था र स्वरोजगार लघुवित्त वित्तीय संस्था लि. एक आपसमा गाभ्ने गाभिने (मर्जर) सम्बन्धमा गठित संयुक्त मर्जर समितिद्वारा नियुक्ति गरिएको सम्पत्ति, दायित्व तथा कारोवार मूल्यांकनको मूल्यांकनकर्ता श्री एन.वि. रोकाया एण्ड एसोसियट्स, धापाखेल, ललितपुरद्धारा उपलब्ध गराएको सम्पत्ति, दायित्व तथा कारोवारको मूल्यांकन प्रतिवेदन (Due Diligence Audit -DDA) बमोजिम प्रति शेयर आधार नेटवर्थ (Base Net Worth Per Share) स्वरोजगार लघुवित्त वित्तीय संस्था लिमिटेडको रु. २०८।१६ र समता घरेलु लघुवित्त वित्तीय संस्था लिमिटेडको रु. २०१।७० कायम भई शेयर स्वाप अनुपात (Share Swap Ratio) १०० : ९६।९० (स्वरोजगार लघुवित्त वित्तीय संस्था लि. : समता घरेलु लघुवित्त वित्तीय संस्था लि.) कायम भएकोमा दुवै वित्तीय संस्था एक आपसमा गाभ्ने गाभिने (मर्जर) सम्वन्धमा भएको मिति २०७९ पौष १८ गते सम्पन्न प्रारम्भिक समझदारीपत्र (MOU) को बुदाँ नं. ८ (ख) मा भएको सहमति साथै बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने/गाभिने (मर्जर) र प्राप्ति (एक्विजिशन) सम्वन्धी विनियमावली २०७३ (पाचौँ संशोधन २०७९ सहित) को विनियम ९(क) को व्यवस्था बमोजिम खुद सम्पत्तिको बढीमा १० प्रतिशतले आधार नेटवर्थ (Base Net Worth) मा थपघट गरी गणना गर्ने प्रावधान रहेकोमा समता घरेलु लघुवित्त वित्तीय संस्था लिमिटेडको खुद सम्पत्तिको ५।५२ प्रतिशत मात्र थप गरि विनियमावलीको विनियम ८(ख) मा उल्लेखित विधि बमोजिम संशोधित शेयर स्वाप अनुपात (Revised Share Swap Ratio) एक बराबर एकको अनुपात १:१ अर्थात् स्वरोजगार लघुवित्त वित्तीय संस्था लिमिटेडको १ कित्ता शेयर बराबर समता घरेलु लघुवित्त वित्तीय संस्था लिमिटेडको १ कित्ता शेयर कायम हुने देखिएको हुँदा दुवै वित्तीय संस्था बिच भएको पूर्व निर्धारित सहमति बमोजिम संचालक समितिद्वारा सिफारिस भएको शेयर स्वाप अनुपात १:१

अनुसार स्वरोजगार लघुवित्त वित्तीय संस्था लि. सँग गाभ्ने गाभिने (मर्जर) सम्बन्धी प्रक्रियालाई अघि बढाउन उपयुक्त रहेको धारणा सहित सभाद्धारा ध्वनीमतले पारित गरियो ।

१.५. गाभ्ने/गाभिने (मर्जर) कार्यको लागि अन्तिम सम्झौतापत्र (Final Scheme of Arrangement) लगायतका अन्य आवश्यक कार्यहरु गर्न गराउनको लागि संचालक समितिलाई अख्तियारी प्रदान गरिएको ।

यस वित्तीय संस्था र स्वरोजगार लघुवित्त वित्तीय संस्था लिमिटेड बिच एक आपसमा गाभ्ने गाभिने (मर्जर) सम्बन्धमा नियमानुसार गरिने अन्तिम सम्झौतापत्र (Final Scheme of Arrangement) लगायत गाभ्ने गाभिने (मर्जर) सम्बन्धमा गरिने आवश्यक सम्पूर्ण कार्यहरु गर्न गराउनको लागि बर्तमान संचालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव सभाद्धारा ध्वनीमतले पारित गरियो ।

१.६. गाभ्ने/गाभिने कार्य पश्चात् बन्ने वित्तीय संस्थाको नाम र संस्थापक तथा सर्वसाधारणको शेयर स्वामित्व परिवर्तन सम्बन्धी प्रस्ताव पारित गरिएको ।

यस वित्तीय संस्था र स्वरोजगार लघुवित्त वित्तीय संस्था लिमिटेड बिच एक आपसमा गाभ्ने गाभिने (मर्जर) सम्बन्धमा भएको प्रारम्भिक समझदारी पत्रको बुदा नं. २ (क) मा भएको सहमति बमोजिम गाभ्ने गाभिने कार्य पश्चात् बन्ने वित्तीय संस्थाको नाम स्वरोजगार लघुवित्त वित्तीय संस्था लिमिटेड कायम हुने भन्ने विशेष प्रस्ताव सभाद्धारा सर्वसम्मतिले पारित गरियो । साथै, वित्तीय संस्थाको प्रवन्धपत्र तथा नियमावलीमा देहायको दफा तथा नियममा तपसिल अनुसार संशोधन गर्ने निर्णय समेत सभाद्धारा पारित गरियो ।

तपसिल :

दफा १ : कम्पनीको नाम : यस कम्पनीको नाम "स्वरोजगार लघुवित्त वित्तीय संस्था लिमिटेड" हुनेछ र यसलाई अंग्रेजीमा "Swarojgar Laghubitta Bittiya Sanstha Limited" भनिनेछ । जसलाई यसपछि "वित्तीय संस्था" भनी सम्बोधन गरिनेछ ।

नियम १ : कम्पनीको नामः यस कम्पनीको नाम "स्वरोजगार लघुवित्त वित्तीय संस्था लिमिटेड" हुनेछ र यसलाई अंग्रेजीमा "Swarojgar Laghubitta Bittiya Sanstha Limited" भनिनेछ । जसलाई यसपछि "वित्तीय संस्था" भनी सम्बोधन गरिनेछ ।

साथै, यस वित्तीय संस्था र स्वरोजगार लघुवित्त वित्तीय संस्था लिमिटेड बिच एक आपसमा गाभ्ने गाभिने कार्य पश्चात् बन्ने वित्तीय संस्थाको कुल चुक्ता पूँजी रु. १,०२,१३,५६,७४८/- (दुवै वित्तीय संस्थाको आ.व. ०७८/७९ को प्रस्तावित बोनश शेयर सहित) कायम भई शेयर संरचना ६२।६२ : ३७।३८ (संस्थापक : सर्वसाधारण) कायम हुने भएकोले वित्तीय संस्थाको प्रवन्धपत्रको देहायको दफाहरुमा तपसिल अनुसार संशोधन गर्ने प्रस्ताव सभाद्धारा ध्वनीमतले पारित गरियो ।

तपसिल :

दफा ६(घ) सर्वसाधारण शेयरधनीहरुलाई "ख" मा वर्गीकरण गरिएको छ र यो समूहको शेयर स्वामित्व ३७।३८ प्रतिशत हुनेछ ।

दफा ६(ङ) संस्थापक शेयरधनीहरुलाई समूह "क" मा वर्गीकरण गरिएको छ र यो समूहको शेयर स्वामित्व ६२।६२ प्रतिशत हुनेछ ।

१.७. गाभ्ने गाभिने (मर्जर) कार्य पश्चात् तदर्थ संचालक समितिमा वित्तीय संस्थाको तर्फबाट प्रतिनिधित्व गर्ने संचालकहरुको मनोनयन गर्ने अख्तियारी प्रदान गर्ने ।

यस वित्तीय संस्था र स्वरोजगार लघुवित्त वित्तीय संस्था लिमिटेड एक आपसमा गाभ्ने/गाभिने (मर्जर) सम्बन्धमा भएको प्रारम्भिक समझदारीपत्र (MOU) को बुँदा नं. ११ (क) मा भएको सहमति तथा बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने/गाभिने (मर्जर) तथा प्राप्ति (एक्विजिशन) सम्बन्धी विनियमावली २०७३ (पाचौँ संशोधन २०७९ सहित) को विनियम १० मा भएको व्यवस्था अनुसार हुने अन्तिम सम्झौता र सो विनियमको बुँदा नं. "ट" मा भएको व्यवस्था अनुसार दुई वित्तीय संस्था गाभ्ने/गाभिने (मर्जर) कार्य पश्चात् गठन हुने तदर्थ संचालक समितिमा यस वित्तीय संस्थाको तर्फबाट प्रतिनिधित्व हुने संचालकहरुको मनोनयन सम्बन्धी अख्तियारी बर्तमान संचालक समितिलाई प्रदान गर्ने प्रस्ताव सभाद्वारा ध्वनीमतले पारित गरियो ।

साथै, नयाँ तर्दथ सञ्चालक समिति गठन भए पश्चात् पुराना संचालक समितिको पदाधिकारीहरुको कार्यकाल स्वतः समाप्त भएको मानिनुका साथै प्रस्तावित नयाँ सञ्चालकहरुको कार्यकाल मर्जर पश्चात् बन्ने वित्तीय संस्थाको आगामी साधारण सभा सम्पन्न नभएसम्मको लागि कायम रहने प्रस्ताव समेत सभाद्वारा ध्वनीमतले पारित गरियो ।

३. वित्तीय संस्थाको प्रवन्धपत्रको दफा ४ र ५ मा वित्तीय संस्थाको उद्देश्य र उद्देश्य प्राप्त गर्न गरिने कार्यहरु थप गर्ने ।

निर्धारित विषयसूची नं. ४(ख.३) मा भएको प्रस्ताव अनुसार यस वित्तीय संस्थाले आवद्ध ग्राहक सदस्यहरुलाई सरल एवम् सहज विधुतीय बैकिङ्ग सेवा, बीमा अभिकर्ता सेवा तथा अन्य आधुनिक वित्तीय सेवा प्रदान गर्न आवश्यक देखिएकोले वित्तीय संस्थाको प्रवन्धपत्रमा देहायको दफाहरु थप गरी ग्राहक सदस्यहरुलाई सर्वसुलभ वित्तीय सेवा प्रदान गर्ने प्रस्ताव सर्वसम्मतिले पारित गरियो ।

<u>तपसिल</u>

- **प्रवन्धपत्रको दफा ४ मा हाल कायम बुँदा नं. "ङ" देखि क्रमश थप गरिएको ।**

  दफा ४(च): ग्राहक सदस्यहरुलाई सुविधा हुने गरि सरल एवम् सहज विधुतीय बैकिङ्ग सेवा, बीमा अभिकर्ता सेवा तथा अन्य आधुनिक वित्तीय सेवा प्रदान गर्ने ।

- **प्रवन्धपत्रको दफा ५ मा हाल कायम बुँदा नं. "ढ" देखि क्रमश थप गरिएको ।**

  दफा ५(त): प्रचलित कानून बमोजिम सम्बन्धीत निकायबाट स्वीकृति लिई वित्तीय संस्था आफैले वा वित्तीय संस्थाले एजेन्ट नियुक्ति गरि ग्राहकको सहजताका लागि बीमा अभिकर्ताको रुपमा कार्य गर्ने ।

  दफा ५(थ): ग्राहकहरुको सहजताको लागि Mobile Banking तथा Internet Banking जस्ता सेवाहरु उपलव्ध गराउने साथै विधुतीय भुक्तानी सेवा वा विधुतीय भुक्तानी प्रदायक सेवा वा वालेट व्यवस्थापन सेवा संचालन गर्ने ।

  दफा ५(द): प्रचलित कानून बमोजिम ग्राहकहरुलाई चेक उपलव्ध गराउने ।

४. संचालक समितिका अध्यक्ष तथा संचालकहरुले पाउने भत्ता तथा सुविधा सम्बन्धमा संस्थाको नियमावलीमा आवश्यक संशोधन सम्बन्धी प्रस्ताव पारित गर्ने ।

निर्धारित विषयसूची नं. ४(ख.४) मा भएको प्रस्ताव अनुसार विधमान बजार अवस्थालाई मध्यनजर गर्दै हाल कायम संचालक समितिको अध्यक्ष तथा संचालकहरुको प्रति बैठक भत्ता, दैनिक भ्रमण भत्ता तथा अन्य सुविधाहरु देहाय बमोजिम संशोधन हुने गरि गरिएको प्रस्ताव सभाद्धारा सर्वसम्मतिले

पारित गरियो । साथै सोसँग सम्बन्धीत कम्पनीको नियमावलीको देहायको नियमहरु संशोधन गर्ने प्रस्ताव समेत सभाद्वारा सर्वसम्मति पारित गरियो ।

तपसिल :

नियम ३२.१ (ख) : सञ्चालक समितिको बैठकमा उपस्थित भए वापत अध्यक्ष र अन्य सञ्चालकले पाउने बैठक भत्ता क्रमशः रु. ६,५००/- र ५,५००/- हुनेछ । सञ्चार तथा पत्रपत्रिका बापतको खर्च अध्यक्ष र अन्य सञ्चालकलाई मासिक क्रमशः रु. ३,५००/- र रु. ३,०००/- हुनेछ ।

नियम ३२.१(ग) : वित्तीय संस्थाको कामको सिलसिलामा सञ्चालकहरुलाई प्रदान गरिने दैनिक भ्रमण भत्ता देहाय बमोजिम हुनेछ ।

अ) स्वदेशमा दैनिक भत्ता रु. ५,५००/-

आ) भारतमा दैनिक भत्ता भा.रु. ६,०००/-

५. अन्य उपयुक्त लघुवित्त वित्तीय संस्थाहरुसँग गाभ्ने/गाभिने (मर्जर) वा प्राप्ति (एक्विजिशन) सम्वन्धी सम्झौतापत्र तर्जुमा गर्ने, DDA गर्ने र गाभ्ने/गाभिने वा प्राप्ति सम्वन्धी आवश्यक अन्य सम्पूर्ण प्रक्रिया पुरा गर्न/गराउन सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

निर्धारित विषयसूची नं. ४(ख.५) मा भएको प्रस्ताव अनुसार यस वित्तीय संस्थालाई पूँजीगत तथा कार्यक्रमगत दृष्टिकोणले थप दरिलो एवम् उत्कृष्ट लघुवित्त वित्तीय संस्थाको रुपमा स्थापित गराउँनको लागि भविष्यमा अन्य उपयुक्त लघवित्त वित्तीय संस्थाहरुसँग गाभ्ने/गाभिने (मर्जर) वा प्राप्ति (एक्विजिशन) सम्बन्धी सम्झौतापत्र तर्जुमा गर्ने, सम्पत्ति, दायित्व तथा कारोवार मूल्यांकन-DDA गर्ने साथै सम्बन्धीत नियामक निकायहरुद्वारा जारी गरिएको गाभ्ने गाभिने वा प्राप्ति सम्बन्धी प्रावधानहरु बमोजिम आवश्यक सम्पूर्ण प्रक्रियाहरु पुरा गर्न गराउँनका लागि संचालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव सभाद्वारा ध्वनीमतले पारित गरियो ।

६. वित्तीय संस्थाको प्रवन्धपत्र र नियमावलीमा आवश्यक संशोधन र सो संशोधन स्वीकृतिको क्रममा नियमनकारी निकायबाट कुनै फेरबदल, थपघट गर्न निर्देशन वा सूझाव भएमा सोहि बमोजिम गर्न संचालक समिति वा संचालक समितिले तोकेको पदाधिकारीलाई अख्तियारी प्रदान गर्ने ।

निर्धारित विषयसूची नं. ४(ख.६) मा भएको प्रस्ताव अनुसार माथि उल्लेखित विशेष प्रस्ताव तथा निर्णयहरुमा सम्बन्धीत नियमनकारी निकायहरुबाट स्वीकृति लिने तथा अभिलेख गर्ने क्रममा कुनै विषयमा संशोधन एवम् परिवर्तन गर्न निर्देशन भएमा सो समेत मिलाई प्रवन्धपत्र तथा नियमावलीको आवश्यक दफा तथा नियमहरु संशोधन एवम् परिवर्तन गर्ने लगायत सो सँग सम्बन्धी अन्य सम्पूर्ण कार्य गर्न गराउन संचालक समितिलाई पूर्ण रुपमा अख्तियारी प्रदान गर्ने प्रस्ताव सभाद्वारा सर्वसम्मतिले पारित गरियो ।

साथै, निर्धारित विषयसूची नं. ४(ख.२) मा भएको प्रस्ताव र सो प्रस्ताव अनुसार पारित निर्णयहरु अनुसार दुई वित्तीय संस्था गाभ्ने/गाभिने (मर्जर) सम्बन्धी प्रक्रिया पुरा हुन नसकि यस वित्तीय संस्थाको प्रवन्धपत्रमा भएको व्यवस्था बमोजिम ७० : ३० (संस्थापक : सर्वसाधारण) शेयर स्वामित्व कायम हुने गरि रु. ३,३२,८५,६००/- (३,३२,८५६ कित्ता) बराबरको शेयर सर्वसाधारणलाई पुनः जारी (FPO) गर्नु पर्ने अवस्था सिर्जना भएमा सम्बन्धीत नियामक निकायहरुको प्रावधान अनुसार आवश्यक सम्पूर्ण प्रक्रियाहरु अघि बढाउँन, आवश्यकता अनुसार प्रवन्धपत्र तथा नियमावलीको दफा तथा नियमहरु संशोधन गर्न गराउन समेत बर्तमान संचालक समितिलाई पूर्ण रुपमा अख्तियारी प्रत्यायोजन गर्ने निर्णय सभाद्वारा सर्वसम्मतिले पारित गरियो ।

ग. विविध

यस नवौँ वार्षिक साधारण सभाको निर्णयको आधिकारिकताका लागि यस सभाका सभापती तथा संचालक समितिका अध्यक्ष, संस्थाका प्रमुख कार्यकारी अधिकृत र कम्पनी सचिवको हस्ताक्षर मान्य हुने निर्णय सर्वसम्मतिले पारित गरियो ।

१४. धन्यवाद ज्ञापन :

यस संस्थाको संचालनमा सहयोग गर्ने नियामक निकायहरु नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेञ्ज लि., सिडिएस एण्ड क्लियरिङ्ग लि. लगायत सरोकारवाला निकायहरु तथा अन्य व्यक्तित्वहरुलाई धन्यवाद दिने निर्णय गरियो । साथै संस्था संचालनमा प्रत्यक्ष एवम् अप्रत्यक्ष रुपमा सहयोग एवम् सूझाव प्रदान गर्नुहुने सर्म्पूण शेयरधनी महानुभावहरुलाई समेत धन्यवाद सहित आभार प्रकट गर्ने निर्णय गरियो ।

१५. कम्पनी सचिवबाट यस साधारण सभामा समावेश विषयसूची अर्न्तगतका सम्पूर्ण विषयहरु माथि छलफल तथा निर्णयहरु समाप्त भएको व्यहोरा जानकारी गराए अनुरुप आजको यस साधारण सभा समापन गरिदिनको लागि सभाका सभापती महोदयलाई अनुरोध गरियो ।

१६. विषयसूचीमा रहेका सम्पूर्ण कार्यक्रमहरु समाप्त भएको जानकारी प्राप्त भए पश्चात् सभापति ज्यूले सभामा उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरुलाई सल्लाह तथा सूझावको लागि हार्दिक धन्यवाद दिनुको साथै यस नवौँ वार्षिक साधारण सभा शान्त एवम् सौहार्दपूण वातावरण र सरल किसिमबाट सम्पन्न गर्न सहयोग पुऱ्याउनु हुने विभिन्न नियमनकारी तथा सरोकारवाला निकायका प्रतिनिधिहरु, पत्रकार साथीहरु, उपस्थित कार्यरत कर्मचारीहरु लगायत यस सभा हल उपलब्ध गराई सहयोग गर्नु हुने हिमालय रिसोर्ट एण्ड होटललाई हार्दिक धन्यवाद ज्ञापन गर्दै यस नवौँ वार्षिक साधारण सभा दिउँसो १:१५ बजे बिसर्जन गरियो ।

.....
श्री डा. मदन घिमिरे
प्रमुख कार्यकारी अधिकृत

.....
श्री डम्बर मणि थेवे लिम्बु
अध्यक्ष

.....
श्री विश्वराज श्रेष्ठ
कम्पनी सचिव

(सभा सम्पन्न मिति २०७९ साल चैत महिनाको ११ गते शनिवार तदनुसार २५ मार्च २०२३)